"स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर : पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर"

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्था. २०७३

☎ ०११६९१११८
lisankhupakharmun@gmail.com
www.lisankhupakharmun.gov.np
www.fb.com/lisankhupakharmun

पत्र संख्या :- प्र. ०७९/८०
च.नं.: २९४६

मिति : २०८०।०२।१४

**विषय : वार्षिक प्रगति विवरण सार्वजनिक गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०८० जेठ १४ गतेका दिन स्थानीय तह निर्वाचन २०७९ द्वारा लिसंखु पाखर गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको पहिलो वर्षको वार्षिक प्रगति विवरण सार्वजनिकीकरण तथा समीक्षा सम्बन्धी पत्रकार भेटघाट कार्यक्रममा प्रस्तुत समीक्षात्मक प्रगति प्रतिवेदन सरोकारवाला सबैको जानकारीका लागि गाउँपालिकाको वेबसाइटमा समेत राखिएको व्यहोरा सूचित गरिन्छ ।

..................
**मंगल बहादुर विष्ट**
प्रमुख प्रशासकीय अधिकृत

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा : Facebook page / Website मा upload गरिदिनु हुन ।

# लिसंखु पाखर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर , सिन्धुपाल्चोक

बागमती प्रदेश , नेपाल

स्थापना २०७३

गाउँपालिका अध्यक्ष श्री राजु लामाज्युले प्रस्तुत गर्नुभएको

जनप्रतिनिधिहरुको पहिलो १ वर्ष कार्यकालको प्रगति विवरण

सार्वजनिकिकरण मिति : १४ जेठ २०८०

## जनप्रतिनिधिहरुको पहिलो एक वर्षे कार्यकालको प्रगति विवरण सार्वजनिकीकरण तथा समीक्षा कार्यक्रम २०८० जेठ १४

लिसंखु पाखर गाउँपालिकाका उपाध्यक्षज्यू , प्रमुख प्रशासकीय अधिकृतज्यू , वडाअध्यक्षज्यू, कार्यपालिका सदस्य/वडा सदस्यज्यूहरूराष्ट्रसेवक कर्मचारी साथीहरु , सम्पूर्ण गाउँपालिकावासी आमा, बुबा, दाजु भाई तथा दिदी बहिनीहरु, संचारकर्मी एवं आजको यस एक वर्षे प्रगति प्रतिवेदन सार्वजनिक समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुमा म हार्दिक अभिवादन व्यक्त गर्दछु ।

नेपालको संविधान २०७२ जारी भइ उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा सङ्घियता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतिक्षा , १० वर्षे सशस्त्र जनयुद्ध , ०६२/०६३ को जनआन्दोलन , मधेश आन्दोलन , दुइ पटक सम्म संविधान सभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधान निर्माण गरी जारी भई सकेर पनि हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनस्चित गरेका प्रावधानहरूलाई ब्यवहारत रूपान्तरण गर्ने क्रममा दोस्रो स्थानीय तहको निर्वाचन २०७९सम्पन्न भईसकेर आज हामी लिसंखु पाखर गाउँपालिकामा स्थानीय सरकारको रूपमा काम सुरू गरेको मिति २०८०/०२/०९ गते एक वर्ष पूरा भएको छ ।यस अवसरमा आफ्नो पहिलो एकवर्षिय कार्यकालमा हासिल गरिएका उपलब्धिहरूलाई सार्वजनिककरण गर्न पाउँदा निकै हर्षित भएका छौ र यस अवसरमा सम्पूर्ण गाउँपालिकावासीहरुप्रति हामी अन्तरहृदय देखि नै हार्दिक आभार प्रकट गर्दछौं ।

यतिबेला हामी मुलकको स्वतन्त्रता , सार्वभौमिकता, भौगोलिक अखण्डता , स्वाधिनता, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएका ऐतिहासिक जनआन्दोलन , सशस्त्र संघर्ष लगायत विभिन्न चरणमा भएका आन्दोलन , त्याग र बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहीद बेपत्ता र पीडित नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

निर्वाचनको एक वर्षको अवधिमा हाम्रो नेतृत्वमा भएका विकास निर्माणका कार्यहरुलाई सबै गाउँवासी सामु सार्वजनिक गर्न गइरहेका छौं ।हामीले हाम्रा घोषणापत्रमा उल्लेख गरेका बाचाहरु, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका नीति तथा कार्यक्रममा समावेश गरिएका अन्तरवस्तुहरु,, दीगो विकासका लक्ष्यहरु,चालु आवधिक योजनामा राष्ट्रले लिएका लक्ष्य ,देशले अन्तराष्टिय समुदायमा गरेको प्रतिवद्धता लगायतका सबै विषयवस्तुलाई मध्यनजर गर्दै हामीले योजना तथा कार्यक्रमको निर्माण गरेका थियौं । यिनै विषयवस्तुमा अन्तरनिहित रहेर



राजु लामा
अध्यक्ष

मंगल बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

हामीले एक वर्षको अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यहरु तथा उपलब्धीहरूलाई आज सार्वजनिक गर्न गइरहेका छौं ।

नेपालको राष्ट्रिय हित , आर्थिक सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रति वद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण विभेदरहित, समतामुलक, सबल र समृद्ध लिसंखु पाखर निर्माण गर्नु हामी सबैको प्रमुख दायित्व हो ।

"स्वस्थ, सुखी र समृद्धलिसंखु पाखर ,पर्यटन जलस्रोत , शिक्षा र कृषिमा आधुनिकिकरण र आत्मनिर्भर " भन्ने मुल मन्त्रलाई आत्मसात गर्दैयस गाउँपालिकाको कृषि , पर्यटन,जलस्रोत र कृषिको संयुक्त संयोजनबाट समृद्ध लिसंखु पाखर र सुखी लिसंखु पाखर बासीको परिकल्पनालाई साकार पार्नुपर्ने अवस्था छ । यस नविनतम कार्यमा हामी सबै जनप्रतिनिधिहरु अहोरात्र खटिरहेका छौं । सुशासन , पारदर्शिता, दीगो विकास र वातावरणमैत्री पूर्वाधार निर्माणको माध्यमबाट हामीले स्वस्थ , सुखी र समृद्ध लिसंखु पाखर निर्माण गर्ने अठोट गरेका छौं र गर्नेछौं ।

सिमित स्रोत साधन र असिमित जनताको आकांक्षा पुरा गर्ने पालिकाको आफ्नै आन्तरिक स्रोतबाट गर्न सकिने अवस्था छैन । चुनावको समयमा जनता सामु हामीले गरेका ति प्रतिवद्धता र चालु आ.व मा हामिले सार्वजनिक गरेका निति तथा कार्यक्रम पुरा गरी समृद्र लिसंखु पाखर अभियानलाइ सार्थकता दिन हामी निरन्तर लागि परेका छौं र लागी पर्नेछौं। आर्थिक , सामाजिक ,सास्कृतिक वन तथा वातावरण र समग्र पूर्वधार क्षेत्रको विकासको लागि पालिकाको आन्तरिक स्रोत बाट मात्र सम्भवनदेखिएको हुँदा सो क्षेत्रको विकासको लागि आवस्यक बजेट व्यवस्थापनको लागि संघीय सरकार र प्रदेश सरकारलाई निरन्तर घच्घचाएका छौं । अव निकट भविस्यमा २१ किलो लिसंखू वाफल सडक खण्ड पक्की हुने तथा लिसंखु पाखर गाउँपालिकाको बहुप्रतिष्ठित च्याउजीबेसी सिँचाइ आयोजना सम्पन्न हुने आशा लिएको छु ।

अब ,म हामीले एक वर्षको अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यहरु तथा उपलब्धीहरूलाई क्षेत्रगत आधारमा देहाय अनुसार प्रस्तुत गर्दछु ।

**१.सुशासन संस्थागत विकासतथा सेवा प्रवाहः**

- यस गाउँपालिकामा सहायक स्तर चौथो देखी अधिकृत स्तर आठौ सम्म गा. पा कार्यालयमा १८ , वडा कार्यालयमा १४ , कृषि विकास शाखा ४ , पशु सेवा शाखा

राजु थापा
अध्यक्ष

रमल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

०८., स्वास्थ्य संस्थामा ३२, परियोजना कार्यक्रम अन्तर्गत ०८ तथा हलुका सवारी चालक ०३, कार्यालय सहयोगी १९ गरी जम्मा १०६ जनाको दरबन्दी रहेकोमा काज सहितका४८ जना स्थायी र ५० जना करार सेवामा गरि कूल ९८ जना कर्मचारीहरु कार्यरतछन् ।

- 
- लिसंखु पाखर गाउँपालिका, वडा कार्यालयमा ई-हाजिरी , सिसि क्यामेरा, डिजिटल डिस्प्ले जडान गरी सेवा सम्बन्धी जानकारी प्रदान गर्ने काम गरिएको छ , भने गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालय , स्वास्थ्य संस्थाहरूमा ई-हाजिरी , सार्वजनिक सेवा सम्बन्धमा जानकारी दिने डिजिटल डिस्पले जडान गर्ने काम अन्तिम चरणमा पुगेको छ ।
- वडा कार्यालय र सो मातहत रहेका सबै सार्वजनिक निकायका साथै सबै सामुदायिक विद्यालय र स्वास्थय संस्थाहरूमा फ्रि इन्टरनेट जडान गरी विद्युतिय तथा डिजिटल माध्यम बाट सेवा प्रवाह गर्ने थालनी गरिएको छ ।
- गाउँपालिका कार्यालयको कार्यालयमा नागरिक सहायता कक्षकोव्यवस्था गरी सेवालाई सार्वजनिक सेवालाई गुणस्तरिय बनाउने कार्यको थालनी भएको छ ।
- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता र सरलता ल्याउनको लागि राजस्व सफ्टवेयर प्रणाली , सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली , सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, लेखा व्यवस्थापनप्रणाली लगायतका सफ्टवेयरहरूको प्रयोग गरी विद्युतिय शासन प्रणाली मार्फत नागरिकलाई डिजिटल सेवा प्रावहमा आवद्ध बनाईएको छ ।
- स्थानिय तह संस्थागतक्षमता स्वमूल्यांकन (लिजा) मा ७२.७५ अङ्क प्राप्त भएको ।
- राष्टिय प्राकृतिक स्रोत तथा वृत्त व्यवस्थापनआयोगले सार्वजनिक गर्ने कार्यसम्पादन मुल्यांकनमा४६.९५ अङ्क प्राप्त भएको ।
- अनिवार्य रूपमा विद्युतिय हाजिरी गराई हाजिरी लग सिट लाइ मात्र प्रमाणित गरी सबै कर्मचारीहरूको हाजिरी , काज र विदाको अभिलेख राख्ने गरिएको ।

- गा.पा साघुरो एवंम छरपष्टअवस्थामा सञ्चालनमा रहेको शाखाहरूलाई हल कक्षबाट स्थानतरण गरी नयाँ भवनमा व्यवस्थापन गरी एउटै छाना मुनीबाट सेवा प्रवाहको सुरूवात गरिएको ।

- गाउँपालिकाको समग्र वस्तुस्थिति झल्कने गरी पालिकाको वस्तुगत विवरण पाश्वचित्र (भिलेज प्रोफाइल) निर्माण गरिएको ।

- कार्यालयमा पहिलो पटक गुनासो सुनुवाइ अधिकारी र कार्यालयको प्रवक्ता तोकिएको ।

- वार्षिक निती तथा कार्यक्रम र बजेट तयारी तथा निर्माणलाई यथार्थपुरक , जनचाहना अनुसार जनमैत्री ,दिगो विकास मैत्री, प्रभावकारी र जनसहभागितामुलक बनाउन सम्पूर्ण गाउँपालिकाबासी , राजनैतिक दल बुद्दीजीवी ,सरकारी एवंम गैर संघसंस्था संचार माध्यम र आम सरोकारवालाहरू संग समयमानै राय सूझाव माग गरिएको ।

- वडा सचिवहरूको लागि २ दिने क्षमता अभिवृद्धी सम्बन्धी तालिम सन्चालन गरी वडाको सेवा प्रवाह थप प्रभावकारी बनाइएको ,साथै जनप्रतिनिधिहरूको लागि ३ दिने क्षमता अभिवृद्धी तालिम सन्चालन गरिएको ।तथा सक्षमता अभिवृद्धि गर्ने सन्दर्भमा स्वास्थ्यकर्मी , प्राविधिक लगायतका कर्मचारीहरूलाई विभिन्न माध्यमबाट विभिन्न किसिमका तालिम लगायतका क्षमता अभिव्रद्धि कार्यक्रम सन्चालन गरी सेवा प्रवाहमा कर्मचारीको मनोवल तथा उत्प्रेरणा अभिवृद्धि गरिएको छ ।

- हाम्रो पहिलो एक वर्षिय अवधिमा जम्मा कार्यपालिका बैठक १८ वटा सम्पन्न गरिएको ।

- सार्वजनिक सेवाप्राहलाई व्यवस्थित गरी नागरिकले सेवा प्रवाह लिन सहज उपलब्धता गर्ने हेतुले वडा र गा .पा कार्यालयमा नागरिक बडा पत्रको व्यवस्था गरिएको ।

## २.भवन नियमन तथा पूर्वाधार विकास तर्फ

हामी निर्वाचित भएको एक वर्षको अवधिमा पुर्वाधार विकास तर्फ देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।

राजु लामा
अध्यक्ष



मंगल बहादुर सिंह
प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिकाको नयाँ प्रशासकीय भवनको नि वर्तमान र नव निर्वाचित अध्यक्ष बाट संयुक्त शिलन्यास गरी विकासको पूर्वाधार निर्माणको पहिलो कार्यको शुभारम्भ गरिएको ।
- यस गाउँपालिका भित्र वडा नं. ३ र वडा नं ५ को वडा कार्यालयको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरी उदघाटन गर्दै सेवा प्रवाहको सुरूवातगरिएको छ .वडा नं.४, मा रहेको गाउँपालिकाको प्रशासकीय भवनको भौतिक निर्माण कार्य ४० प्रतिशत सम्पन्न गरिएको छ ।गाउँपालिकाको ट्रस भवन निर्माणसम्पन्न गरी सेवा प्रवाह सूचारू गरिसकिएको छ ।
- एक वर्षको अवधिमा यस गाउँपालिका भित्र ५ कि मि सडक सोलिङ , विभिन्न वडामा ३०वटा सामुदायिक भवन ,२ वटा विद्यालय भवन ,१ वटा स्वास्थ्य चौकी भवन ,२ वटा झोलुङ्गे पुल , १६ कि.मि नयाँ सडक ,१४०० मि सडक कालोपत्रे र थप २४० घरहरूमा खानेपानी विस्तार गरिएको छ ।
- भौतिक पुर्वाधार तर्फ ७२.०० प्रतिशत वृत्तिय प्रगती हासिल गरिएको छ ।
- लामो समय देखी सम्पन्न हुन नसकेको ठेकेदार मार्फत सञ्चालन हुन नसकेको योजनाहरूको सन्दर्भमा निर्माण व्यवसायीसंगको दुइपक्षीय छलफल गरी चाँडो सम्पन्न गर्न निर्देशन दिइएको र सोही बमोजिम ककलिङ पेटकु सडकको कालोपत्रे कार्य सम्पन्न गरी गाउँपालिका मै पहिलोपटक गाउँपालिकाको तर्फबाट सडक कालोपत्रे गरेको इतिहास रचिएको ।
- लिसंखु बजार र ताम्चे गाउँमा खानेपानी समस्यालाई थप न्युनिकरण गरी खानेपानीलाई विस्तार गर्ने काम भइरहेको छ ।
- साङखोर भुस्कुण्डे, बन्धन , सिम्पालमा खानेपानि योजना सम्पन्न गरी खानेपानीको मागलाई सम्बोधन गरिएको ।
- नार गाउँको खेतिययोग्य जमिनमा सिंचाइ पुर्याउने लक्ष्यलाइ निरन्तरता दिईएको ।
- गाउँपालिका स्तरीय औद्योगिक ग्रामको घेराबार र सडक विस्तार सम्बन्धी कार्य अघी बढाइएको ।

राजु लामा
अध्यक्ष



मंगल बहादुर सिंह
प्रमुख प्रशासकीय अधिकृत

- डाँडाँपाखरमा सस्त्र प्रहरी तालिम केन्द्रको पुनस्थापनाको लागि आवस्यक समन्वय गरी बजेट समेत विनियोजन गरिएको छ ।
- सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायी संगको ठेक्का समझौता रद्द गरी काम नगर्ने ठेकेदारलाई कानुनी दायरामा ल्याइ ठेक्का बाट निस्कासन गर्ने र राम्रो काम गर्ने निर्माण व्यवसायीलाइ सम्मान गर्ने सन्देश दिइएको ।
- च्याउजीबेसी ,सिचाई योजनाको प्रगती थपिएको छ ।
- रेयाम साइ खोला ट्रस पुल र गसूम खोला झुलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरिएको ।
- रमा मा.वि र लिसंखु स्वास्थ्य चौकीको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको र सिद्धार्थ आ.वि को भवन सम्पन्न भएको ।
- डाँडाँपाखर आधारभुत अस्पतालको निर्माण कार्य पुर्ण रूपमा सम्पन्न भई अस्पताल सन्चालन र व्यवस्थापनको लागि तयार भई रहेको ।
- वाफल वृहत खानेपानी आयोजना, बाघखोर टनम ब्यार्सा सडक , टनम खानी धादिङ जर्देउ सडक , आलोङ दक्षिणधारा सडक , वाफल गुरू रेम्पोर्छे पार्क ,गाउँपालिकास्तरिय खेलकुद रङ्गशाला (लामाचौर खेलकुद मैदान) लगायतका आयोजनाहरूको डि पि आर तयार गरिएको ।
- गाउँपालिकाको समग्र खानेपानी विकासको लागि ब्यवस्थित गरि नागरिकलाई खानेपानी सेवा सुविधा उपलब्ध गराउन यसै वर्ष गाउँपालिकाको जल स्रोत उपयोग गूरू योजना तयार गरिएको ।

३. <u>योजना कार्यान्वयन</u>

- असारे विकासलाई निरूतसाहित गर्न फाल्गुन महिना भित्र सबै योजनाहरूको सम्झौता गरी , कार्य सम्पन्न भई वैशाख मसान्त सम्म ७० प्रतिशत वित्तिय प्रगती हासिल भएको छ ।
- योजना सम्झौता तथा भुक्तानी प्रकृयालाई सरलीकरण गर्न उपभोक्ता समितिको सहजताको लागि योजना सम्झौता र भुक्तानी किताब , उपलब्ध गराई योजना

राजु लामा
अध्यक्ष



मंगल बहादुर थिङ
प्रमुख प्रशासकीय अधिकृत

कार्यान्वयनको कागजी प्रकृयालाई सहज बनाउने कार्यको थालनी भएको छ । यसबाट उपभोक्ता समिति प्रत्यक्ष लाभान्वित भएका छन ।

- अधुरो अवस्थामा रहेका योजनाहरू र क्रमागत रूपमा सञ्चालित योजनाहरूलाई उच्च प्राथमिकता दिएर बजेट व्यवस्थापन गरी कार्यान्वयन गरिएको ।
- योजना कार्यान्वयन कडाईका साथ लागु गर्न निरन्तर अनुगमन र सुपरीवेक्षणलाई व्यापक बनाइएको ।
- यस अवधिमा १३ वटा योजनाहरू ठेक्का मार्फत सन्चालन भएकोमा ६ वटा सम्पन्न भएको ।साथै ११९ वटा योजनाहरू उपभोक्ता समिति मार्फत सन्चालन भएकोमा हाल सम्म १०५ वटा सम्पन्न भएको ।

## ४.गरिव घर परिवार पहिचान

गरिव घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो सुनुवई समिति मार्फत प्राप्त भएका गुनासोलाइ जाँचबुझ गरी कार्यपालिकाको सिफारिस मार्फत भुमी व्यवस्था सहकारी तथा गरिवि निवारण मन्त्रालयमा गुनासो ब्यवथापनको लागि पठाइएको ।

## ५. राजस्व व्यवस्थापन

- चालु आ.व. मा राजस्व प्रक्षेपण रू ४० लाख रहेकोमा वैशाख मसान्तसम्म मालपोत , व्यवसाय कर, सेवा शुल्क, सेवा दस्तुर, लगायतका आय शिर्षकहरुमा आन्तरिक राजस्व तर्फ रु.४२ लाख ९७ हजार ६७९।४० पैसा राजस्व संकलन गरिएको छ। जुन गापा भरी संकलन भएको जम्मा राजस्व चालु आ.व. मा प्रक्षेपण गरिएको रकम भन्दा २ लाख ९७ हजार ६ सय ७९ ले बढी हो। जसमा सबै भन्दा धेरै राजस्व संकलन गर्ने वडामा ७ नं वडा कार्यालयले रू ७ लाख २० हजार ७ सय ८७ रूपैयाँ ५० पैसा र सबैभन्दा कम राजस्व संकलन गर्ने वडामा ३ नं वडा कार्यालयबाट रू १ लाख ६५ हजार ८१ रूपैया ८६ पैसा राजस्व सङ्कलन गरिएको छ। भने गाउँ कार्यापालिकाको कार्यालयबाट रू १५ लाख ५५ हजार ९ सय ८४ रूपैयाँ ६३ पैसा राजस्व संकलन गरिएको छ ।



राजु लामा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

- प्रदेश सुशसासन केन्द्रको आर्थिक सहयोगमा राजस्व सुधार कार्ययोजना तयार गरिएको छ ।
- म्याद नाघेका ठेक्का रद्ध गरी धरौटी जफत मार्फत ३८ लाख रूपैयाँ राजस्व थप गर्न सफल भएको ।

## ६. शिक्षा युवा तथा खेलकुद विकास

**(क) <u>शिक्षा तर्फः</u>**

प्रारम्भिक बालविकास कक्षा देखी कक्षा ६ सम्म गाउँपालिका अन्तर्गत सबै सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ ।

- गाउँपालिकामा दिवा खाजा कार्यक्रम एकरूपता ल्याउन दिवा खाजा मेनु तथा दिवा खाजा सन्चालन तथा व्यवस्थापन समबन्धी कार्यविधी तयार गरिएको ।
- प्रधानाध्यापकहरुलाई प्रोत्साहित गरी काममा सहजता ल्याउन गाउँपालिकाको आन्तरिक श्रोतबाट प्र.अ. बैठक सञ्चालन गर्न यातायात खर्च उपलब्ध गराईएको ।
- प्रत्येक विद्यालयमा महिनावारी भएका किशोरीहरूलाई आवश्यक पर्ने स्यानिटरी प्याडको उचित व्यवस्थापन गरिएको ।
- स्थानीय पाठ्यक्रम स्वीकृत गरिएको ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्ने उदेस्यले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले सामुदायिक विद्यालयहरूमा आफ्ना सन्तान अनिवार्य भर्ना गराउने अभियानको थालनी गरिएको ।
- विद्यालयव्यवस्थापन समिति पुनर्गठन गरिएको छ ।
- ३ जना नि मा वि शिक्षक , १ जना मा.वि (११ र १२) शिक्षक , १ जना प्रावि शिक्षक ,गाउँपालिकाको आन्तरिक स्रोत बाट व्यवस्थापन गरिएको छ।
- ११ जना लेखापाल , २५ जना विद्यालय सहयोगी र ३ जना सामुदायिक सिकाइ केन्द्रका परिचालकलाइ प्रोत्साहन रकम प्रदान गरिएको छ।
- एकिकृत पाठ्यक्रम (कक्षा १ देखी ३) सम्बन्धी २ दिने तालिम सन्चालन गरिएको छ।
- इ.मि.स (एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली ) सम्बन्धी २ दिने तालिम सन्चालन गरिएको छ।

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

- बालबालिकाको सर्वाङ्गिण विकासका लारि गाउँपालिका स्तरिय अन्तर मा. वि बकतृत्व कला सन्चालन गरी उत्कृष्ट ४ छात्र /छात्रा लाई पुरस्कृत गरिएको ।
- विधार्थीलाइ उत्पेरणा तथा हौसाला प्रदान गर्न शैक्षिक सत्र २०७८ को माध्यमिक शिक्षा परिक्षामा गाउँपालिकामै उत्कृष्ट हुने १/१ छात्र/छात्रालाइ नगद पुरस्कार सहित बधाइ तथा सम्मान गरिएको छ ।
- २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनां तथा ३ वटा विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन कार्यक्रमको कार्य सम्पन्न भएको ।
- महादेवस्थान आ.वि मा राष्टपति शैक्षिक सुधार अन्तर्गत आ.इ .सिटि ल्याब तथा डिजिटल पुस्तकालय स्थापना तथा व्यवस्थापन गरिएको ।
- शिक्षक सेवा आयोगबाट सिफारिस भइ शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति लिइ आएका प्राथमिक तहका १७ जना , नि मा वि तहका २ जना र मा वि तहका १ जना शिक्षकहरू पदस्थापन गरिएको छ।
- लिसंखु पाखर गाउँपालिका भित्र रिक्त भएका मा वि (११/१२ ) शिक्षक २ जना , मा वि (९/१०) ११ जना , नि मा वि (६/८) १५ जना प्रा वि ३ जना , लेखापाल २ जना , बालविकास सहजकर्ता १ जना , विद्यालय सहयोगी १ जना छनोट गरी समबन्धित विद्यालयमा सिफारिस गरिएको ।
- कक्षा १ देखी १० सम्म सबै विषयको तथा कक्षा ११ ,१२ का विधार्थीहरूलाइ अनिवार्य ३ वटा विषयको पाठ्यपुस्तक निशुल्क वितरण गरिएको ।
- गाउँपालिका भित्रका शैक्षिक कार्यक्रमहरूलाइ एकरूपता ल्याउन शैक्षिक सत्र २०८० को शैक्षिक क्यालेन्डर निर्माण गरी वितरण गरिएको ।
- गाउँपालिका बाट विद्यालय सन्चालन तथा व्यवस्थापन अनुदान थप गरिएको ।
- चालु आ.व मा गाउँपालिकबाट शिक्षा युवा तथा खेलकुद शाखालाइ विनियोजन गरिएको बजेटको ५९.१ प्रतिशत बजेट खर्च भएको ।

**(ख) खेलकुद तर्फः**

- यसगाउँ पालिकामा खेलकुद विकास समिति गठन गरी गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितासम्पन्न गरी उक्त प्रतियोगिताका उत्कृष्ट खेलाडीहरूलाइ जिल्ला स्तरिय

राजु लामा
अध्यक्ष

राष्टपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराइएकोमा १ छात्रले एथ्लेटिक्स विधाको त्रिपल जम्प मा स्वर्ण पदक प्राप्त भएको छ।

- अजरवैजानमा हुने विश्व चेमपियन तेकवान्दो प्रतियोगितामा सहभागी हुने यस पालिका वडा नं ५ निवासी तेकवान्दो खेलाडी काजल श्रेष्ठलाइ नगद रू २ लाखसहयाता प्रदान गरी लिसंखु पाखरको नाम विस्वब्यापीरूपमा रोसन गर्न थप हौसला र उत्प्रेरणा प्रदान गरिएको छ ।

- गाउँपालिकाको प्रतिनिधित्व गर्दै खेल खेल्न जाने खेलाडीहरुलाई गाउँपालिकाको तर्फ बाट जर्सी सेट, खाना, बास तथा यातायात खर्च उपलब्ध गराउने गरिएको छ ।

- समग्र खेलकुद मार्फत जनशक्ति उत्पादन गर्ने उद्देश्यले खेलकुद विकास सन्चालन कार्यविधि र खेलकुद प्रशिक्षक परिचालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको ।

**७. स्वास्थ्य ,सरसफाई ,पोषण तथा आयुर्वेद :**

**(क) <u>स्वास्थ्य तर्फः</u>**

- गाउँपालिका अन्तर्गत दश हजार नै सय पचपन्न जना सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ । जसमध्ये महिला ६१६५ र पुरूष ४७९० रहेको छ ।
- गाउँपालिका अन्तर्गत गर्भवती जाच १२५ जना ,सुत्केरी जाच ६४ जना र संस्थागत सुत्केरी जम्मा ३८ जनाले सेवा लिएका छन ।
- गर्भवती महिलाहरूको प्रजन्न स्वास्थ्य र पोषण सुधार ल्याउन पोषण सामाग्रीहरू वितरण गरिएको ।
- गाउँपालिका भित्रका लिसंखु , जेठल र डाँडापाखर स्वास्थ्य संस्थाहरू बाट नियमित रूपमा भिडियो एक्स-रे सेवा प्रदान गरिएको छ ।
- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण गरिने औषधिको अलावा गाउँपालिकाबाट गर्भवती तथा सुत्केरी आमाहरुलाई क्याल्सियम , र टि.टि. खोप निःशुल्क वितरण गरेको छ ।

- नवनिर्वाचित जनप्रतिनिधिहरू सहितको सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न गरिएको छ ।
- विभिन्न वडाका २२ जना नयाँ महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई १० दिने आधारभुत तालिम सञ्चालन गरिएको।
- वडा नं १ २ र ६ बाट एम्बुलेन्स सेवा सञ्चालन भईरहेको साथै वडा नं ४ मा एम्वुलेन्स खरिद प्रकृयाको अन्तिम चरणमा रहेको छ ।
- आखा शिविर सन्चालन गरिएको जसमा ३४० जनाले सेवा लिएको मध्ये ३५ जनाको मोतियाविन्दुको सफल सल्यक्रिया गरिएको ।
- आ.व ०७८/०७९को वार्षिक प्रगती समिक्षा कार्यक्रम सम्पन्न भएको । साथै पोषण ,क्षयरोग कार्यक्रमहरूको समिक्षा गोष्ठी सम्पन्न भएको ।
- महिला स्वास्थ्य स्वयंमसेविका दिवसको अवसरमा सम्पुर्ण स्वयमसेविकाहरूलाइ झोला रछाता र स्वास्थ्य सामाग्रीहरू वितरण गरिएको ।
- गाउँपालिका भित्रका सम्पुर्ण स्वास्थ्यकर्मीहरूलाइ वृहत पोषण प्याकेज क्षमता अभिवृद्धी सम्बन्धी ७ दिने तालिम सम्पन्न भएको ।
- सबै ५४ जना महिला स्वास्थ्य स्वयसेविकाहरूलाइ ३ दिने वृहत पोषण प्याकेज तालिम सम्पन्न गरिएको ।
- बागमती प्रदेश लोकसेवा बाट सिफारिस भइ आउनुभएका १८ जना स्वास्थ्यकर्मीहरूको नियुक्ती तथा पदस्थापना गरिएको ।
- बागमती प्रदेश लोकसेवा बाट सिफारिस भइ आउनुभएका नया स्वास्थ्यकर्मीहरूलाइ एच एम आइ एस /एल एम आइ एस समबन्धी ३ दिने तालिम सम्पन्न भएको ।
- राष्टिय भिटामिन ए कार्यक्रम सन्चालन गरिएको जसमा भिटामिन ए १२२४ जना र जुकाको अषधी ११०९ जना बालबालिकाहरूलाइ खुवाइएको छ।
- लिसंखु स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण कार्य सम्पन्न गरिएको छ । ।
- ठूलोधादिङ अत्तरपुर र जेठल स्वास्थ्य संस्थाहरूको नया भवन निर्माणधिन रहेको ।
- डाडापाखर आधारभुत अस्पतालको निर्माण कार्य सम्पन्न भएको ।
- ५ देखी ११ वर्ष सम्मका बालबालिकाहरूलाइ कोभिड विरूद्दको खोप सन्चालन गरिएको जसमा पुरूष ८५४ , महिला ७९३ गरी जम्मा १६४७ जना बालबालिकाहरूलाइ प्रदान गरिएको ।



राजु लामा
अध्यक्ष

मंगल बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिका द्वारा विभिन्न रोगहरूलाइ हाल सम्म स्वास्थ्य उपचार खर्चमा ४० जना विरामीहरूलाइ जम्मा रू ११,६८,००० वितरण गरिएको ।
- नेपाल सरकारबाट प्रदान गरिएको ३ वटा रोगहरूलाइ रू ५००० का दरले जम्मा २८ जनलाइ हाल सम्म जम्मा रू ६,९५,००० प्रदान गरिएको ।
- विपन्न नागरिकहरूलाइ नेपाल सरकारले औषधी खर्चमा दिने रू १००,००० सम्मको सुविधा लिनको लागि विभिन्न वडाका जम्मा ४१ जना विरामीहरूलाइ सम्बन्धित अस्पतालमा सिफारिस गरिएको ।
- महिला स्वास्थ्य स्वयंमसेविकाहरूलाई पुर्नतार्जकी तालिम सन्चालन साथै ६० वर्ष उमेर हदले ४ जना महिला स्वास्थ्य स्वंयसेविकाहरूलाई मायाको चिनो सम्मान पत्र रू ३०००० सहित सहसम्मान विदाई गरिएको छ।
- चालु आ.व मा स्वास्थ्य शाखालाइ विनियोजन भएको बजेटको ६४ प्रतिशत खर्च भएको ।

(क) आयुर्वेद तर्फः

- लिसंखु पाखर गाउँपालिका वडा नं ४ अत्तरपुर स्थित रहेको नागरिक आरोग्य सेवा केन्द्रबाट २४६५ जनालाइ निशुल्क आयुर्वेद सेवा दिइएको छ । जसमध्ये १३५८ जना महिला ११०७ जना पुरूष रहेको । हाल सम्म ४३२ जनालाइ योगा शिक्षा ५६८ जनालाइ फिजियोथेरापी सम्बन्धी सेवा प्रदान गरिएको छ ।
- चालु आ व मा लिसंखु पाखर गाउँपालिका र वडा कार्यालयबाट विनियोजित रकम मध्येबाट अल्ट्रा साउण्ड थेरापी , फिजियो बल , माइक्रो प्रोसेसर स्पेक्ट्रोफोटोमिटर लगायतका आयुर्वेद सेवा सम्बन्धी उपकरण खरिद गरी सेवा दिइरहेको छ ।
- २४ प्रकारका आयुर्वेद औषधीहरू खरिद गरी सेवाग्राहीलाइ निशुल्क वितरण गरिएको छ ।
- निशुल्क आयुर्वेद गाउँघरक्लिनिक मार्फत नसर्ने रोग व्यवस्थापन तथा उपचार सेवा कार्यक्रम अन्तर्गत १९९६ जना सेवाग्राहीहरुलाई सेवाप्रदान गरिएको छ ।

(ग) बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फः



राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

- वडा स्तरिय र पालिकास्तरिय स्वस्थ बच्चा प्रतियोगित कार्यक्रम सम्पन्नगरिएको ।
- यस गाउँपालिका भित्रका ५१ जना गर्भवती महिलाहरूलाइ प्रतिव ब्यक्ति ७ वटाको दरले कुखुरा र १ के जी दाना वितरण गरिएको
- सुनौलो १००० दिनका महिलाहरूलाइ एक दिने तरकारी खेती सम्बन्धी तालिम सहित ५० जनालाइ तरकारी विउको मिनि किट वितरण कार्यक्रम सम्पन्न गरिएको ।
- सामुदायिक विद्यालयमा अध्यनरत किशोरीहरूलाइ पोषण र आइरन फोलिक एसिड समबन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- ६ देखी ५९ महिना सम्मका बालबालिकाहरूको एम .यु. ए.सि .स्किनङ कार्यक्रम गरी एक जना कुपोषित बालिकाको ओ.टि.सी मा उपचार गर्न पठाइएको ।
- सुनौलो १००० दिनका आमा साथै आमा समुहका सदस्यहरूलाइ पोषण , खानपान र स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको छ ।
- विपन्न सदस्यहरूको आयआर्जन सुधारको लागि श्री हरिसिद्दी महिला बचत तथा रिन सहकारी संस्था लि का २५ जना सदस्यहरूलाइ रू २५ हजारको दरले अनुदान प्रदान गरिएको छ ।

**८ .प्रधानमन्त्री रोजगार कार्यक्रम:**

- बेरोजगार सूचीमा जम्मा २२५० जना बेरोजगार ब्यक्तिहरू सूचिकृत भएको
- सूचीकृत बेरोजगार ब्यक्तिहरूलाइ लाभग्राही परिचय पत्र वितरण गरिएको छ ।
- जम्मा १३ वटा कामका लागी पारश्रमिक योजना छनोट गरी कार्यान्वयन गरिएको र उक्त योजनामा सूचिकृत बेरोजगार ब्यक्तिहरू मध्ये प्राथमिक क्रमको आधारमा न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभुती गराई काम गरेको दिनको ज्याला बापतको रकम सम्बन्धित कामदारहरूको ब्यक्तिगत बैंक खातामा मासिक रूपमा नियमित भुक्तानी गर्ने गरिएको ।
- समय समयमा स्थानीय निर्देशक समितिको बैठक बसी रोजगार सिर्जना सम्बन्धी छलफल गर्ने गरिएको ।
- सूचीकृत बेरोजगार ब्यक्तिहरूलाई काममा खटाउनु भन्दा अगावै कार्यक्रम समबन्धी अभिमुखिकरण गरी वडामै पुगेर योजना सम्झौता गर्ने गरिएको ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरी बेरोजगार , विपन्न वर्ग तथा समुदाय लगायतका १८ देखी ५९ वर्ष उमेर समूहको ब्यक्तिहरूलाई बेरोजार सूचीमा

सूचिकृत हुन कार्यक्रम सन्चालन गरिएको छ ।साथै काम सबै बराबर हुन्छ त्यसैले जुनसुकै काम या श्रमको सम्मान गर्ने अभ्यास विकासको लागि अभियान सन्चालन गर्ने गरिएको ।

- स्थानीय तहको रोजगार रणनिति तर्जुमाका लागि सबै वडाहरूमा पुगेर सरोकारवालाहरूको धारणा तथा सुझाव संकलन गर्दै गरेको ।
- बैदेशिक रोजगारमा जान चाहनेहरूका लागि श्रम स्वीकृति तथा पुन श्रम स्वीकृतिको लागि रोजगार सेवा केन्द्र मार्फत सेवा थालनी गरिएको छ ।
- रोजगार सम्बन्धी सूचना नियमित रूपमा समप्रेषण गर्ने गरिएको छ ।
- हाल सम्म जम्मा १५२ जना सूचिकृत बेरोजगार व्यक्तिहरूले न्युनतम १०० दिन बराबरको रोजगारीम संलग्न भएको ।
- काम गरेको दिनको ज्याला बापतको रकम सम्बन्धित कामदारको खातामा भुक्तानी हुने हुँदा यो कार्यक्रम निम्न जिवनस्तर भएको व्यक्ति संग जोडिएको छ ।यस कार्यक्रममा निर्मण सामाग्री तथा मेसिनरी औजारहरू प्रयोग गर्न नमिलने हुँदा मानव स्वास्थ्य तथा बातावरणिय पक्षमा समेत नकरात्मक असर नपुगेको
- पालिका भित्रको प्राय सबै सडकहरूको सोलिङ तथा स्तरउन्नतिमा यो कार्यक्रमले कासेढुङ्गाको रूपमा भुमिका खेल्ने गरेको छ । साथै निम्न आय स्तर भएका व्यक्तिहरूको आय आर्जनमा सूधार भई पालिका भित्र रहेको बेरोजगार समस्या न्युनीकरणमा सहयोग पुर्याइ गाउँपालिकाको दिगो विकासको लागि समेत सहयोग पुगेको र सुखी र समृद्ध लिसंखु पाखरको सङ्कल्प पुरा गर्नको लागि सहयोग पुगेको ।
- हाल सम्ममा २५८७ घन मि सडक सोलिङ, १४२ घन मि सुख्खा वाल र ५१ घन मि सिढीं निर्माण भएको छ ।
- आगामी आर्थिक वर्ष ०८०/०८१ को लागि ६५६ जना बेरोजगार व्यक्तिहरू सुचिककृत भएकोमा ३४६ जना पुरूष र ३१० जना महिला रहेका छन ।
- उपभोक्ता समिति भन्दा रोजगारमुलक कार्यक्रम बढी प्रभावकारी बन्दै गएको छ ।
- ज्यालादर तथा काममा समेत कुनै विभेद नभएको ।

**९. कृषि विकास तर्फः**

- कृषि विकास कार्यक्रम अन्तर्गत हामीले पदभार ग्रहण गरे पश्चात गाउँपालिका भित्र फलफुल खेती गरिरहेका कृषकहरूलाइ १०० वटा एभोकार्डे ३०० वटा सुन्तला , १२५ वटा जुनार ,४५० वटा कागती ,१५०० वटा टिमुरको विरूवा गरी जम्मा २४५० वटा वर्षे फलफुल विरूवा वितरण गरिएको छ ।
- लिसंखु पाखर गाउँपालिका भित्रका २० जना इच्छुक कृषकहरूलाई समावेश गरी ३ दिने मिनि टिलर मर्मत सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- गाउँपालिकामा दर्ता भएका कृषक समुह वा अगुवा कृषकहरूका लागि २ महिनाको प्रत्येक ८ गते कृषक भेला र प्राविधिक भेला गरी कृषकहरूको समस्या समाधान गर्दै आइएको छ । जसमा हाल सम्म ४ पटकमा १२० जना कृषकहरूलाइ कृषि सूचना , खेती प्रविधि , रोग किराहरूको जानकारी प्रदान गरी कृषकहरूको समस्या एवंम गुनासो सम्बोधन गर्ने काम भइरहेको छ ।
- लिसंखु पाखर गाउँपालिका वडा नं ४ सिक्रेको शिखर विउ आलु उत्पादन कृषक समूह र ताम्चेको ताम्चे विउ आलु उत्पादन कृषक समुहलाइ ८५ प्रतिशत लागत सहभागिता सहित सम्झैता प्रकृया सम्पन्न गरी फिल्ड स्तरमा पहिलो चरणको कार्यक्रम , (आलुको विउ वितरण पि. वि. एस. टि. पि. एस .र दोस्रो पुस्ताको विउ , विषादी ,रसायनिक मल भिटामिन खरिद गरी ३५ जना कृषकको ११७ रोपनी जग्गामा आलु खेती गर्ने कृषकलाइ वितरण गर्ने काम सम्पन्न गरीएको छ ।
- वडा नं ४ मा सिक्रे ताम्चे आलु पकेट सन्चालन समन्वय समिति र वडा नं ५ निगालेमा निगाले तमाखुबारी आलु पकेट सन्चालनगरिएको छ ।
- वडा नं ३ चिप्लेमा चिप्ले तिनचोक आलु पकेट सन्चालन समन्वय समिति र वडा नं ६ बन्धनमा बन्धन भेडाखोर आलु पकेट सन्चालन समन्वय समितिलाइ ५० प्रतिशत लागत सहभागितामा १५० जना कृषकलाइ समेटी ६५० रोपनी क्षेत्रफलमा आलु पकेट विकास कार्यक्रम सन्चालन गरिएको छ ।
- ५० प्रतिशत अनुदानमा किवि टिबार वितरण सन्चालन गरि किवि खेती गरिरहेका २० जना कृषकहरूलाई ३०८ वटा किवि टिबार वितरण गर्नुका साथै लिसंखु पाखरमा किवि खेती विस्तारका लागि कृषकहरूलाइ अनुदान प्रदान गरिदै आइएको छ ।

- गाउँपालिकामा फलफूल खेती विकासको लागि फलफूलका विरूवाहरू पहेंलोकिवि ८०० वटा , दाँते अखर १५० वटा ,स्याउ १०० वटा , नासपाती १५० वटा , हलुवावेद ५० वटा आरू र आरूबखडा ५० गरी १३०० हिंउदे फलफूलको विरूवा३५ जना कृषकहरूलाइ वितरण गरिएको छ ।गाउँपालिकामा ब्यवसायिक किवी खेती विस्तारका लागि किवि खेती गरिरहेका २५ जना कृषकहरूलाइ किवी खेती प्रविधि सम्बन्धी ३ दिने तालिम प्रदान गरिएको छ ।
- *गाउँपालिकाको कृषि उत्पादनलाई गाउँमै स्टकगरी बजारीकरण गर्नको लागि* लिसंखु पाखर गाउँपालिका वडा नं ७ ठूलोपाखरमा बागमति प्रदेश कृषि विकास मन्त्रालयको साझेदारीमा शित भण्डार (कोल्ड स्टोर) निर्माण कार्य सम्पन्न गरी अबको १५ दिन भित्र सन्चालनमा ल्याउने तयारी भएको ।
- माटो ल्याब निर्माण गरी सन्चालन सुरू भएको र जसको लागि आवस्यक सामाग्री *व्यवस्थापन को अन्तिम चरणमा रहेको छ ।माटो ल्याबमा आवस्यक ल्याब सामाग्री* व्यवस्थापन पछि किसानहरूले आफ्नो जगगाको माटो जाँच गर्ने निशुल्क सेवा पालिकाबाटै प्राप्त गर्ने छन्र ।
- कृषि प्राविधक सेवा वडा तहबाट समेत उपलब्ध गराउन थालिएको छ ।
- वडा नं ४ अन्तर्गतको वडा कार्यालयबाट तरकारी खेती गरिरहेका ६८ जना कृषकहरूलाइ ६८ थान प्लाष्टिक टनेल वितरण गरिएको । प्लाष्टिक वितरणबाट बेमौसमी तरकारी खेतीमा बढोत्तरी भइ आय आर्जनका अवसर सिर्जना भएको छ ।
- किसान सुचीकरण कार्यम्रम अन्तर्गत हाल सम्म प्रारम्भिक चरणमा ३१०० किसान सूचीकृत भइ सोको प्रमाणिकरणाको लागि सम्बन्धित वडामा पठाउने काम भइरहेको छ । यो कार्यक्रम बाट किसानले किसान परिचयपत्र प्राप्त गरिसकेपछि गाउँपालिकामा रहेका किसानहरूको एकिन तथ्यांक प्राप्त भइ ,कृषि क्षेत्रमा रणानैनिक योजना तर्जुमा गर्न सघाउ पुग्ने छ ।
- कृषि तथा पशुपन्छी सम्बन्धि तथ्यांक अध्यावधिक कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छि तथ्यांक संकलन गरिएको छ ।तथ्यांक संकलन पछि पालिकाको कृषि सम्बन्धी उत्पादकत्व तथा पशुपन्छिको एकिन तथ्यांक प्राप्त भइ कृषि पशुपन्छि विकास समबन्धी रणनैतिक योजना तर्जुमा गर्न सघाउ पुग्ने छ ।

राजु लामा
अध्यक्ष

- कृषि क्षेत्रको सवलिकरण र कृषि विकासको आधार तयार गर्न आगामी ५ वर्षे कृषि विकास रणनैतिक गूरूयोजना तर्जुमा कार्य अन्तिम चरणमा रहेको ।

**१०. पशु सेवा तर्फ :**

- लिसंखु पाखर गाउँपालिका भित्र प्रत्येक वडामा पशुहरूको लागि पि .पि . आर. खोप १२४०० बाख्रामा लगाईएको छ ।
- गा. पा. भित्रका सम्भव भए सम्म सबै कुकुरहरूलाइ ४२५ संख्यामा रेविज खोप लगाइ रेविज रोग कार्यक्रम सम्पन्न गरिएको छ ।
- आनतरिक परजिवी नियन्त्रण कार्यक्रम अन्तर्गत १७३९७ पशुहरूलाईआनतरिक परजिवी औषधी खुवाईएको छ ।
- ए.आइ. मिसन कार्यक्रम सन्चालनमा रहेको छ ।गाई भैसिमा कृत्रिम गर्भाधान सुरूवात भएको छ ।
- मासिक इपिडेमियोलोजिकल रिपोर्ट कार्यक्रम सन्चालनमा रहेको छ ।
- पशुपन्छिको लागि चाहिने आवस्यक औषधी तथा मेशिनरी अजार खरिद कार्यक्रम सम्पन्न गरिएको छ ।
- पालिकाभरीको पशुपन्छीहरूको तथ्यांक लिने काम सम्पन्न भएको छ ।
- पशु सेवा केन्द्र विस्तार गर्ने व्यवस्था भएको ।

**११. महिला बालबालिका तथा सामाजिक समावेशीकरण**

- सबै वडा तथा गाउँपालिकास्तरिय सामाजिक सञजाल ,बाल अधिकार समिति ,महिला संञ्जाल ,जेय्ठ कल्याण समिति , अपाङ्गता समन्वय समिति गठन तथा पुनर्गठन , गरिएको छ ।
- अपाङ्गता परिचयपत्र वितरण २ पटक सम्पन्न गरी बालमैत्री स्थानीय शासन सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्म सन्चालन गर्न गैर सहकारी संस्थासंग सहकार्य गरिएको छ ।
- उद्दार पुनस्थापना पारिवारिक पुनरमिलन स्थापना कोष स्थापना गरी सन्चालनमा ल्याइएको छ ।
- आ व ०७९ जेठ सम्म ५२ अपाङ्गता परिचयपत्र वितरण गरिएको जसमा क वर्गमा ८ जना , ख वर्गमा १७ जना , ग वर्गमा १९ जना घ वर्गमा ८ जना गरी हाल सम्म १४८ जनालाइ परिचयपत्र वितरण गरिएको छ । साथै जेयष्ठ नागरिक परिचय पत्र

चालु आ.वमा ३६४ जनालाइ वितरण गरी हाल सम्म ७५० जनलाइ वितरण गरिएको छ ।

- ज्येष्ठ बाल अक्षयकोष स्थापना तथा सन्चालन गरिएको छ ।

१२. **सामाजिक सुरक्षा तथा पञ्जीकरण:**

- चालु आ.व. २०७९ /०८० को श्रावण देखि २०७९ असोज महिनासम्म पहिलो त्रैमासिकमा गाउँपालिका भित्रका सबै वडाका कूल २ हजार ४ सय ४१लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- चालु आ.व. २०७९ /०८० को कार्तिक देखि २०७९ पुष सम्म महिनासम्म दोस्रो त्रैमासिकमा गाउँपालिका भित्रका सबै वडाका कूल २ हजार ४ सय ४१लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- चालु आ.व. २०७९/०८० को माघ देखि २०७९ चैत्र महिनासम्म तेस्रो त्रैमासिकमा गाउँपालिका भित्रका सबै वडाका कूल २ हजार ५ सय १० लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

- हाल सम्म सबै वडामा गरी जम्मा ५८२ जनाको जन्म दर्ता , १९३ जनाको मृत्यु दर्ता , २१ दम्पतिको समबन्ध विच्छेद , २९३ दम्पतिको विवाह दर्ता ,३ परिवारको बसाइसराइआएको ,२४ परिवार बसाइसराइ गरी गएको दर्ता गरिएको छ ।

१३. **सहकारी तर्फ:**

- लिसंखु पाखर गाउँपालिका क्षेत्र भित्र १३ वटा बचत तथा ऋण सहकारी संस्था , १६ वटा कृषि सहकारी संस्था ,०६ वटा बहुउद्देश्यीय सहकारी संस्था ,1वटा दुग्ध उत्पादक सहकारी संस्था ,1 वटा वन पैदावर सहकारी संस्था ,२ वटा उपभेक्ता सहकारी संस्था गरी जम्मा ३९ वटा सहकारी संस्था सन्चालनमा रहेका छ्न ।
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि, संगको साझेदारीमा आधरशिलता कार्यक्रम कार्यानन्वयन भइरहेको छ ।
- सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरूलाइ तालिम प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

- सहकारी अध्ययन अवलोकन भ्रमणमा दोलखा जिल्लाका जनसचेतन , एकिकृत फ्रेन्डसिप जस्ता उकृष्ट सहकी संस्थाका पधाधिकारीहरूसंगको अन्तरक्रिया भएको छ ।

## १४. जिन्सी तथा आन्तरिक व्यवस्थापन

- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाको अवलम्बन गरी गाउँपालिका तथा मातहतका कार्यालयहरुलाई स्वीकृत बजेटको परि धि भित्र रही खरिदका कार्यहरु नियमित रुपमा गरिएको छ ।
- निर्माण सम्पन्न भएका सबै वडा कार्यालयको प्रशासनिक भवनहरुको फर्निचर व्यवस्थापन लगायत कार्यालय व्यवस्थापनको कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको चलअचल सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य गरिएको छ ।पूराना अवस्थाका ढड्डा प्रणालीलाइ प्रयोग नगरी विद्युतियव्यवस्थापन प्रणाली मार्फत मात्र जिन्सी समपत्तिको अभिलेखांकन गरिएको छ ।

## १५.सूचना प्रविधि :

- गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका ७ वटा वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा फाइबर इन्टरनेट जडानको कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयमा ई-हाजिरी जडान गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएकोछ।
- वडा कार्यालयमा सिफारिस व्यवस्थापन सफ्टवेयर राख्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

## १६.ऐन कानूनहरु

लिसंखु पाखर गाउँपालिकामा हाल सम्म ३२ वटा ऐन ,०५ वटा नियमावली ,११ वटा निर्देशिका ,३१ वटा कार्यविधि , ०४ वटा मापदण्ड सहित कूल ८३ वटा स्थानीय कानून बनेकोमा हाम्रो कार्यकाल सुरू भएपछि विधायन समितिबाट आवश्यक छलफल भई गाउँ कार्यपालिका तथा गाउँसभाबाट एक वर्षको अवधिमा देहाय बमोजिमका ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएको छ ।

- गाउँपालिकाको विनियोजन ऐन २०७९



राजु लामा
अध्यक्ष

- लिसंखु पाखर गाउँपालिकाको आर्थिक एन २०७९,
- विद्युतिय हाजिरी निर्देशिका २०७९
- कार्य सन्चालन निर्देशिका २०७९
- लेखासमिति कार्य सन्चालन निर्देशिका २०७९
- उत्कृष्ट विद्यालय छनोट सम्बन्धी निर्देशिका २०७९
- विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको एन २०७९
- प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०७९
- लिसंखु पाखर गाउँपालिकाको संक्षिप्त वातवरणिय परीक्षण कार्यविधि २०७९
- टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि२०७९
- ब्यवसायिक तरकारी विकास कार्यक्रम कार्यविधि २०७९
- सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापन कार्यविधि २०७९
- खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०८०
- खेलकुद विकास सन्चालन कार्यविधि२०८०
- आर्थिक सहायता सम्बन्धि कार्यविधि २०८०
- लिसंखु पाखर गाउँपालिकाको भवन निर्माण तथा योजना सम्बन्धी मापदणड संशोधन २०७९
- बालपोषण भत्ता समबन्धी अभिभावक सचेतना कार्यक्रम सन्चालन मापदण्ड २०८०
- विषयगत कार्य समिति कार्य सन्चाल कार्यविधि २०७९
- दिगो विकास लक्ष्य आन्तरिकरण तथा स्थानियकरण सम्बन्धी दिग्दर्शन २०७९
- आन्तरिक नियन्त्रण प्रणाली २०७९
- लगानी सम्मेलनको अवधरणा पत्र २०८०

**१७.वन ,वातावरण , विपद् व्यवस्थापन तथा जैविक विविधता:**

- दशै तिहारमा स्थानीय समुदायलाई सहज होस भन्ने उद्देस्यले. सबै वडाका वर्षादको कारणबाट प्रभावित मुख्य सडकहरूको नियमित मर्मत सम्भार भइरहेको छ।
- २१ किलो लिसंखु वाफल सडक र ककलिङ पेटकु सडकमा , सडक हेरालुहरूकोव्यवस्थापन गरी सडकहरूको नियमित मर्मत सम्भार गरिएको छ ।



राजु लामा
अध्यक्ष

मंगल बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

- वर्षाद आगलागी जस्ता विपदबाट प्रभावित जनतालाई विपद व्यवस्थापनका लागि तार जाली , पाइप , त्रिपाल र आर्थिक सहयोग मार्मत सहजिकरण गरिएको छ। यस अवधिमा ५ पटक गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको बैठक बसी १६७ वटा निर्णयहरू भएका छन । सो समितिको बैठकबाट ९५ थान तारजाली ,६००० मि पाइप र ४२ थान त्रिपाल सम्बन्धित विपद प्रभावित समुदाय/ व्यक्तिलाई उपलब्ध गराईएको ।
- विपद व्यवस्थापनको सम्बन्धमा जिल्ला प्रदेश सरकार र संघिय सरकार संग समन्वय र सहकार्य भईरहेको छ ।
- वातावरणिय प्रभाव मुल्यांकन गरेर मात्र विकास निर्माणको कार्य गर्ने गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तर्फ वनजङ्गललाई जोड्न अवैध रूपमा निकासी हुने काठ तथा कोईलालाई व्यवस्थित गरि वन डिभिजन कार्यालय , काठ व्यवसायी संग आवस्यक सर्वपक्षिय समन्वयमा वडा कार्यालयमा राजस्व काटेपछि मात्र काठ निकासी गर्न अनुमति दिने प्रबन्ध मिलाईएको ।
- वन संरक्षण , वातवारण संरक्षण , भू जलाधार संरक्षण , जलवायु परिवर्तन लगायतका कार्यक्रम सन्चालन गरिएको र जैविक विविधता संरक्षण प्रवर्दन र सम्वर्द्धन गर्ने उदेस्यले गाउँपालिकाको जैविक विविधता संरक्षण योजना निर्माण गरिएको ।
- दिगो विकास मैत्री विकासलई आत्मसाथ गर्दै दिगो विकासको लक्षय आन्तरिकरण तथा स्थानीयकरण सम्बन्धी दिगर्दशन तर्जुमा गरिएको ।
- विपद व्यवस्थापन प्रतिकार्य योजना निर्माण , राहत प्रतिकार्य र खोज उद्दार समबन्धी अभिमुखिकरण तथा प्रकोप व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था गरिएको ।
- राजस्वको दायरा बढाई गाउँपालिकाको आन्तरिक आयमा बढोत्तरी गर्ने सन्दर्भमा वडा नं १ ठुलोधादिङमा स्लेट ढुङ्गाको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिएको ।
- फोहोरबाट मोहोर कार्यक्रम कार्यान्वयन गर्ने उदेस्यले भावि दिनमा आई पर्ने फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित गर्न उपाध्यक्ष ज्यूको संयोजकत्वमा फोहोरमैला व्यवस्थापन कार्यदल गठन गरी वडा नं ४ को ताम्चेमा फोहोरमैला अध्ययन केन्द्रको सम्भाब्यता अध्ययन गरिएको ।



राजु थापा
अध्यक्ष

### १८. न्यायिक कार्य

- सात वटा सामूदायिक मेलमिलाप केन्द्रहरूको गठन तथा हाल सूचिकृत र नविकरण भएका मेलमिलाप कर्ताहरूको संख्या ३७ पुर्याइएको छ ।
- मेलमिलाप व्यवस्थापन अन्तर्गत मेलमिलाप केन्द्रको बोर्ड ,सुचिकृत मेलमिलापकर्ताहरूको फोटो सहितको सूची र मेलमिलाप केन्द्रको अभिलेख फाइल र आवस्यक फारमहरूको छपाइ गरिएको छ ।
- गत आ .व बाट जिम्मेवारी सरेर आएका उजुरी विवाद संख्या ०२ वटा र चालु आ .व मा दर्ता भएका १३ वटा गरी १५ वटा उजुरी मध्ये ८ वटा न्यायिक समितिमा मेलमिलापको माध्यमबाट र २ वटा मेलमिलाप केन्द्रमा सिफारिस गरि मेलमिलाप भएको र ३ वटा न्यायिक समितिले निर्णय गरि सिफारिस गरिदिएको , २ वटा लगत कट्टा गरी १५ वटै उजुरी न्यायिक समितिबाट निरूपण गरिएको छ ।
- न्यायिक समितिका पदाधिकारीहरु र वडा सम्पर्क व्यक्तिहरुलाई न्यायिक कार्य सम्पादन प्रक्रिया ,मिसिल अभिलेख व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ ।
- न्यायिक समितिको बैठक तथा इजलास ३१ पटक बसिएको छ ।
- मेलमिलापकर्ताहरूलाइ प्रोत्सहान भत्ता अन्तर्गत संचार तथा खाजा खर्चको व्यवस्था गरी समिक्षा बैठकहरू सम्पन्न गरिएको छ ।
- कानुन समबन्धी स्रोत सामाग्री तथा पुस्तकहरू प्रत्येक वडाका मेलमिलाप केन्द्र र न्यायिक समितमा आएर सेवाग्राहिहरूलाइ समेत आवस्यक परेको समयमा अध्ययन गर्न सकिने व्यवस्था मिलाइएको ।
- न्यायिक समितिको राष्ट्रिय सम्मेलनमा सहभागी भई ११ बुँदे घोषणा पत्र तयार गर्न आवश्यक भूमिका निर्वाह गरिएको छ ।

### १९.उद्यम विकास कार्यक्रम:

- चालु आ.वमा वडा नं २ ,३ ,५, ६ र ७ मा ७५ जना नया लघुउद्यमीसृजना गरिएको छ ।

- उद्यम विकास शाखाबाट सिप विकास तालिम अनतर्गत गलैचा बुनाइ तालिममा वडा नं ६ र ७ मा ३६ जना महिला र वडा नं ५ मा ३२ जना सिलाइ मेसिन तालिममा वडा नं ६ बाट १४ जना र अचार उत्पादन तालिममा वडा नं ३ बाट महिला ९ र पुरुष १ गरी जम्मा १० सहित कुल जम्मा ९२ जनालाइ तालिममा सहभागी गराइएको छ साथै सो तालिमहरु संचालन गरी आय आर्जनमा वृद्धि गरिएको छ ।
- गाउँपालिकाबासी तथा व्यवसायीलाई ब्यवसायिक कृषि तथा पशुपन्छिमा आधारित उद्यम ब्यवसाय , जडिबुटी तथा वन पैदावरमा आधारित उद्यम ब्यवसाय , पर्यटन प्रवर्दनमा आधारित उद्यम ब्यवसाय , उत्पादनमुलक उद्यम ब्यवसाय निर्माणमा आधारित र सेवा मुलक उद्यम ब्यवसायमा आकर्षित गर्न गाउँबासिलाई स्वरोजगार व्यवसायी एवंम उद्यमी बनाउन र उद्योग क्षेत्रको विकास गर्नको लागि लगानीमैत्री वातावरण बनाउन यसै वर्ष लगानी सम्मेलनको अवधारणा अगाडी सारिएकोमा लगानी सम्मेलनको अवधारणा पत्र तथा लगानी सम्मेलनको सम्भावना अध्ययन र अनुसन्धान गरी लगानी सम्मेलन कार्यक्रम निर्देशिका तर्जुमा गरी आगामी आ.व मा लगानी सम्मेलन गर्ने तयारी भईरहेको छ ।

**२०. संस्कृति तथा पर्यटन तर्फ**

- सबै भन्दा कान्छो उमेरमा सगरमाथा आरोहण गर्ने यसै पालिका वडा नं २ निवासी स्वर्गिय शम्भु तामाङको सालिक गाउँपालिका क्षेत्रमा निर्माण गर्ने र स्मृतिका लागि शम्भु तामाङको नाममा सास्कृतिक सङ्ग्रालाय आगामी आ. व मा स्थापना गर्ने निर्णय गरिएको
- गाउँपालिकाको कला साहित्य , सास्कृतिक र पर्यटनको संरक्षण र जगेर्ना गर्न वास्तविक तथ्य पहिचान गर्न गाउँपालिकाको पर्यटन तथा सास्कृतिक प्रोफाइल निर्माण अन्तिम चरणमा पुगेको छ ।
- प्रदेश सुशसान केन्द्रको सहयोगमा लिसंखु पाखर गाउँपालिकाको ५ वर्षे रणनैतिक आवधिक योजना तर्जुमा गरिएको ।

**२१.आम्दानी तथा खर्च विवरण:**

(क) आम्दानी तर्फ :

राजु तामाङ
अध्यक्ष

- आ.व. २०७९/०८० को जेठ ९  सम्ममा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त अनुदान, समपुरक अनुदान, जिल्ला समन्वय समितिबाट प्राप्त भएको रकम  र आन्तरिक आम्दानी गरी कूल जम्मा रु. ४७ करोड ६४ लाख ९६ हजार ९ सय पचास रूपैयाँ ४०  पैसा अर्थात कूल बजेटको ८२.८० प्रतिशत आम्दानी प्राप्त भएको छ ।

(ख) खर्च तर्फ :

- आ.व. २०७९/०८० को जेठ ९ सम्ममा चालु खर्च तर्फ रु. २४ करोड १० लाख ३७ हजार २ सय ४२ रूपैयाँ ८० पैसा अर्थात चालु खर्चमा विनियोजित बजेटको ६२.६३ प्रतिशतर पूँजीगत खर्च तर्फ रु. १२ करोड ६१ लाख चार सय ६५ रूपैया ३८ पैसा अर्थात पूजीगत खर्चमा विनियोजित बजेटको६६.८३ प्रतिशत  खर्च गरी कूल जम्मा  ३६ करोड ७१ लाख ३७ हजार ७ सय ८ रूपैया १८ पैसा अर्थात कुल बजेटको ६४.०१ प्रतिशत बजेट कार्यन्वयन गरिसकिएको  छ । चालु आ.व को जेठ ९ सम्म हामीले चालु खर्च भन्दा पूँजीगत खर्च ४.२ प्रतिशतले बढाउन सफल भएका छौं। हामीले पदभार ग्रहण गरेको १ वर्ष भित्र गत आ .व ०७८/०७९ मा कूल रू १२ करोड ३१ लाख ६५ हजार ६९ रूपैया ६ पैसा र चालु आ .व मा रू ३६ करोड ७१ लाख ३७ हजार

  ७०८ रूपैया १८ पैसा गरी हामीले १ वर्षमा कुल रू ४८ करोड ६८ लाख ६५ हजार सात सय सत्तहत्तर रूपैयाँ  २४ पैसाको बजेट कार्यान्वयन गरी जम्मा रू ८४ करोड ७६ लाख खर्च गरिसकेका छौ ।

**२२. अनुगमन तथा समपरीक्षण:**

- आ.व  ०७५/०७६, ०७६     /०७७ र ०७७/०७८ मा महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षण प्रतिवेदनमा कार्यालयको नाममा कायम भएका बेरूजु मध्ये आ व ०७५/०७६ मा रू १० लाख ७७ हजार ११ रूपैया , आ व ०७६/०७७ मा रू १६ लाख १५ हजार र आ. व०७७/०७८मा ७९ लाख ११ हजार २४ रूपैया गरी जम्मा रू १ करोड ६ लाख ३ हजार ३५ रूपैयाँ मात्र बेरूजु समपरीक्षण भइ बेरूजुको लगत कट्टा गरिएको छ । जुन गा. पा. मै पहिलोपटक बेरूजु समपरीक्षण भएको  बेरूजु अङ्क हो ।

- लिसंखु पाखर गा.पा मै पहिलोपटक २०७९ पुष महिना २६ गते सार्वजनिक लेखा समितिको संयोजक विजय योन्जनको संयाजकत्वमा सार्वजनिक लेखा समितिको बैठक बसिएको छ ।
- लिसंखु पाखर गाउँपालिकाको लेखा समिति कार्य सन्चालन निर्देशिका , कार्यपालिकाबाट स्वीकृत गराइ पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ ।
- सार्वजनिक लेखा समितिको सिफारिसमा गाउँ सभा( हिउदे अधिवेशन) बाट लेखापरीक्षण प्रतिवेदनमा महालेखापरीक्षकको कार्यालयले अनियमित भनि ठहराइएको आ व ०७४/०७५ देखी हाल सम्मको जम्मा रू २ करोड ५४ लाख १६ हजार ३ सय तेह् रूपैयाँ बेरूजु सभाबाट सर्वसमतिले नियमित गर्ने भनि प्रस्ताव सर्वसम्मतिले पास गराइ आउदो लेखापरीक्षण डोर समक्ष पेश गर्न कार्यालयको तर्फबाट गर्नुपर्ने सबै प्रकृया पुरा गरिएको छ ।

<u>चालु आ.व मा सम्पादन भएका असल अभ्यासहरू</u>

- ✓ .गाउँपालिकाको आवधिक योजना निर्माण गरिएको ।
- ✓ सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता र सरलता ल्याउनको लागि राजस्व सफ्टवेयर प्रणाली , सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली , सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली , लेखा व्यवस्थापन प्रणाली लगायतका सफ्रटवेयरहरूको प्रयोग गरी विद्युतिय शासन प्रणालीको अभ्यास थालिएको ।
- ✓ स्थानिय मौलिक भाषा तथा संस्कृतिलाई जगेर्ना गर्ने हेतुले शैक्षिक सत्र २०८० बाट विद्यालयहमा स्थानिय भाषाको आफ्नैस्थानिय पाठ्यक्रम स्वीकृत गरी लागु गरिएको छ ।
- ✓ राजस्वको दायरा फराकिलो बनाउनुको साथै राजस्व चुहावट भएको नभएको सम्बन्धमा वडा तथा पालिकामा अनुगमन गरी राजस्व व्यवस्थापन गर्ने कामको सुरूवात भएको छ ।

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

- ✓ गाउँपालिकास्तरिय खेलकुद समिति गठन गरी विभिन्न विद्यालयका खेलाडीहरूलाई प्रोत्सहान गर्न विभिन्न खेलहरूको आयोजना गरी , पालिका तथा राष्टिय स्तरमा उत्कृष्ट खेल प्रस्तुत गर्ने खेलाडीलाई हौसला प्रदानको लागि आर्थिक सहयाता प्रदान गरिएको छ ।
- ✓ गाउँपालिका भित्र खेलकुद क्षेत्रको विकासको लागि गाउँपालिका स्तरिय रंगशाला निर्माणको लागि डि.पि .आर तयार गरिएको ।
- ✓ गाउँपालिका भित्र शिक्षा क्षेत्र सुधारको लागि शैक्षिक योजना निर्माणको थालनी गरिएको ।
- ✓ जैविक विविधताको संरक्षण एवंम सम्बर्धन गर्नको लागि गाउँपालिकाको जैविक विविधता संरक्षण योजना निर्माणको थालनी गरिएको ।
- ✓ बेरूजु फछ्यौटलाई कार्यलाई पालिकाले अभियानको रूपमा संञ्चालन गरिएको छ ,जसको लागि लेखा समितिलाई क्रियाशिल बनाईएको ।
- ✓ चेकबाट हुने सरकारी कारोबारलाई निरूत्साहित गरी इ.एफ टि सेवा मार्फत भुक्तानी गर्ने गरिएको ।
- ✓ पालिका भित्र आन्तरिक तथा बाह्य लगानीको अवसर सिर्जना गर्न पहिलो पटक लगानी सम्मेलनको अवधारणापत्र तयार गरिएको ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरूलाई विपद व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना निर्माण तथा विपद जोखिम न्युनीकरण सम्बन्धी प्रयोगात्मक अभिमुखिकरण कार्यक्रमको थालनी गरिएको ।
- ✓ राज्यको ५ ,१०,१५ शैयाँको अस्पताल निर्माण गर्ने निति अनुरूप जिल्लामा सबै भन्दा पहिला ५ शैयाँको डाँडाँपाखर अस्पताल निर्माण कार्य सम्पन्न गरिएको ।
- ✓ पशुहरूमा कृत्रिम गर्भधान सेवाको सुरूवात गरिएको ।
- ✓ वैदेशिक रोजगारमा जान चाहनेहरूको लागी श्रम स्वीकृति तथा पुन श्रम स्वीकृतिको लागि रोजगार सेवा केन्द्र मार्फत सेवा प्रदान गर्न थालिएकात्र ।
- ✓ डाँडापाखर ,लिसंखु , जेठल स्वास्थ्य संस्थाहरूबाट भिडियो एक्स रे सहितको सेवा प्रदान गरिएको ।

- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम न्युन जिवन स्तर भएको जनता संग प्रत्यक्ष जोडिएको हुँदा यसको प्रभावकारीता बढ्दै गएको ।
- ✓ सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्नको लागि सार्वजनिक पद धारण गरेका ब्यक्तिहरूका बालबालिकालाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने अभियान सुरूवात भएको ।
- ✓ उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाइ सम्मान गर्नका लागि उपभोक्त समिति सम्मान छनोट समिति गठन गरिएको ।
- ✓ सामुदायिक विद्यालयमा एकै प्रकारको खाजा व्यवस्थापन गर्ने पद्दती स्थापना गर्न विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि तयार गरी स्थानीय कृषि उत्पादनमा आधारित दिवा खाजा मेनु तयार गरी लागु गरिएको ।
- ✓ गाउँपालिकामा डिजिटल माटो ल्याब स्थापना गरिएको ।
- ✓ शिक्षक सेवा आयोगको परीक्षाको नतिजामा वैकल्पिक , करार सूचिमा रहेका उम्मेदवारहरूलाई सोझै नियुक्तिका लागि विज्ञापन आह्वान गर्ने कार्यको थालनी गरिएको ।
- ✓ २१ किलो अत्तरपुर सडक खण्ड कालोपत्रे गर्नको लागि सम्बन्धित निकायमा विशेष पहल गरी कालोपत्रेको कार्य अन्तिम चरणमा रहेको । ।
- ✓ गाउँपालिकाको बजेटबाट ककलिङ पेटकु सडक कालोपत्रे गरिएको ।
- ✓ नागरिकलाई सेवा लिन सहज बनाउँने उद्देश्यले नागरिक सहायता कक्ष स्थापना गरिएको ।
- ✓ जिल्लामै पहिलोपटक कार्यालयको प्रवक्ता र गुनासो सुनुवाई अधिकारी तोकिएको ।
- ✓ गाउँपालिका स्तरिय फोहोरमैला व्यवस्थापन कार्यदल गठन गरी फोहोरमैला व्यवस्थापन केन्द्रको सम्भाब्यता अध्ययन गरिएको ।
- ✓ वडा नं १ ठूलोधादिङ मा स्लेट ढुङ्गाको सम्भाब्यता अध्ययन गरिएको ।

राजु लामा
अध्यक्ष



मंगल बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अन्त्यमा, समयमानै गाउँपालिकाका सबै कार्यक्रमहरू आर्थिक वर्षको सुरूमा नै योजना बनाएर काम गर्ने अठोट हुँदाहुदै पनि अनेकौ जटिलता र अन्यौलताहरू हामीले सामना गर्नु परेको अवगत नै छ । तथापी यि चुनौतिको सामना गर्दै संङ्घिय सरकारको सुखी नेपाली र समृद्ध नेपालको परिकल्पनालाई सार्थकता प्रदान गर्न शिक्षा र कृषि केन्द्रित कार्यक्रम तथा योजना मार्फत नागरिकहरूलाई ब्यवसायिक बनाउँदै आत्मनिर्भता र स्वरोजगार तर्फ अग्रसर बनाउने उदेस्यले हाम्रो कार्यकालको पहिलो वर्षलाई स्वरोजगार नागरिक उत्पादनको प्रयास वर्षको रूपमा निति अवलम्बन गरेका थियौं र सोही निति तथा कार्यक्रमलाई अनुसरण गर्न सहयोग गर्ने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू , प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू , संचारकर्मी , सरोकारवाला सबै , राजनैतिक दल तथा समग्र आम लिसंखु पाखर बासीहरूमा हार्दिक कृतज्ञता ब्यक्त गर्दे पहिलो वर्षको हामी जनप्रतिनिधिको रुपमा यस लिसंखु पाखर गाउँपालिकामा निर्वाचित भई पदभार ग्रहण गरे देखि एक वर्षको अवधिमा हाम्रो नेतृत्वमा सम्पादन भएका कार्यहरुको प्रगति विवरण सार्वजनिक समारोहमा वार्षिक प्रगति विवरण सार्वजनिक गरिरहँदा उपस्थित हुनु भएका जनप्रतिनिधिज्यूहरु , कर्मचारी साथीहरु , संचारकर्मी लगायत सम्पूर्ण गाउँपालिकावासीहरुमा म हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद

राजु लामा

गाउँपालिका अध्यक्ष

राजु लामा
अध्यक्ष

राजु लामा
अध्यक्ष

# लिसंखु पाखर गाउँपालिका

## जनप्रतिनिधिहरूको पहिलो वार्षिक प्रगती विवरण सार्वजनिकीकरण तथा समीक्षा सम्बन्धी पत्रकार भेटघाट कार्यक्रम

मिति : २०८० जेठ १४

आज मिति २०८० साल जेठ १४ गतेका दिन बिहान ११:०० बजे लिसंखु पाखर गाउँपालिकाको सभा भवनमा लिसंखु पाखर गाउँपालिकाको दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिहरूको पहिलो वार्षिक प्रगती विवरण सार्वजनिकीकरण तथा समीक्षा सम्बन्धी पत्रकार भेटघाट कार्यक्रम गाउँपालिका अध्यक्ष श्री राजु लामाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा आयोजना गरियो ।

**तपसिल**

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | राजु लामा | |
| २ | उपाध्यक्ष | मिठु देवी लामा | |
| ३ | प्र.प्र.अधिकृत | मंगल बहादुर विष्ट | |
| ४ | वडा अध्यक्ष | पासाङ लाल तामाङ | |
| ५ | वडा अध्यक्ष | विजय योञ्जन | |
| ६ | वडा अध्यक्ष | मान बहादुर तामाङ | |
| ७ | वडा अध्यक्ष | भक्त लाल शाक्य | |
| ८ | वडा अध्यक्ष | तिलक बहादुर श्रेष्ठ | |
| ९ | गाउँ सभा सदस्य | दान बहादुर तमाङ | |
| १० | वडा अध्यक्ष | दिनेश लामा | |
| ११ | कार्यपालिका सदस्य | नीमा डोल्मा लामा | |
| १२ | कार्यपालिका सदस्य | ज्ञानु सापकोटा | |
| १३ | कार्यपालिका सदस्य | चन्द्रावती नेपाली सुन्दास | |
| १४ | कार्यपालिका सदस्य | राधिका दर्नाल | |
| १५ | कार्यपालिका सदस्य | रविन्द्र दर्नाल | |

क्रमश:

| | | | |
|---|---|---|---|
| १६ | कार्यपालिका सदस्य | सूर्य बहादुर बि.क. | [illegible] |
| १७ | वडा सदस्य-१ | रिवेक घिसिङ | [illegible] |
| १८ | वडा सदस्य-१ | विनोद लाल घिसिङ लामा | [illegible] |
| १९ | वडा सदस्य-१ | कुमारी मोक्तान तामाङ्ग | कुमारी |
| २० | वडा सदस्य-१ | अञ्जु गदाल | अन्जु |
| २१ | वडा सदस्य-२ | जल बहादुर श्रेष्ठ | [illegible] |
| २२ | वडा सदस्य-२ | तेन्जेन वांगेल लामा | |
| २३ | वडा सदस्य-२ | कुल माया श्रेष्ठ | |
| २४ | न्यायिक स./वडा सदस्य-२ | सुनिता नेपाली | [illegible] |
| २५ | न्यायिक स./वडा सदस्य-३ | संजिव श्रेठ | |
| २६ | वडा सदस्य-३ | सविता तामाङ | [illegible] |
| २७ | वडा सदस्य-३ | छत्रमाया उप्रेती | छत्रमाया |
| २८ | वडा सदस्य-३ | धन कुमारी विश्वकर्मा | धनकुमारी |
| २९ | वडा सदस्य-४ | सागर लामा | |
| ३० | वडा सदस्य-४ | कान्छा लामा | |
| ३१ | वडा सदस्य-४ | सञ्जु मोक्तान तामाङ | [illegible] |
| ३२ | वडा सदस्य-४ | रेश्मा सुनाार | [illegible] |
| ३३ | वडा सदस्य-५ | भक्त बहादुर श्रेष्ठ | [illegible] |
| ३४ | वडा सदस्य-५ | नेत्र बहादुर श्रेष्ठ | |
| ३५ | वडा सदस्य-५ | सुनिता सुनार | सुनिता |
| ३६ | वडा सदस्य-६ | पदमध्वज भण्डारी | [illegible] |
| ३७ | वडा सदस्य-६ | जीवन गुरुङ | Jeevan |
| ३८ | वडा सदस्य-७ | राजिव लामा | |
| ३९ | वडा सदस्य-७ | जित बहादुर तामाङ | [illegible] |
| ४० | वडा सदस्य-७ | नेमा तामाङ्नी | नेमा |

क्रमश

## आमन्त्रित उपस्थिति

| सि.नं. | पद /संस्था | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | जिल्ला काठमाडौं / ~~प्र. अध्यक्ष फुलाल~~ | दिनेश दुलाल (तापाख) | |
| २ | अध्यक्ष, रेडियो सिन्धु | रत्न श्रेष्ठ | |
| ३ | कार्यकारी सम्पादक चौतारा टाइम्स | बुद्ध योञ्जन लामा | |
| ४ | केन्द्रीय प्रतिनिधि नेपाल पत्रकार महासंघ | ज्ञानेन्द्र तिमिल्सिना | |
| ५ | रेडियो सिन्धु | हिरामाया रकवा | |
| ६ | कान्तिपुर टेलिभिजन | कमल पारखीक | |
| ७ | ~~दि~~ राजधानी | दिनेश थापा | |
| ८ | प्रचित. के.प.क. | बिदुर आचार्य | |
| ९ | इमेज च्यानल टिभी / ~~निराज चौलागाई~~ | निराज चौलागाई | |
| १० | रेडियो अञ्चल | सुनिता लामा | |
| ११ | सम्वाददाता | नेत्रपौडेल - NTV | |
| १२ | लेखा अधिकृत | महेश बाबा मगर | |
| १३ | ई. अधिकृत | नानीमैयाँ पराजुली | |
| १४ | '' | राम कुमार तामाङ | |
| १५ | कृषि निरी | कपिल श्रेष्ठ | |
| १६ | हि. पाँचौं | सन्देश लामिछाने | |
| १७ | (क) ई. सहायक | कुबेर धोज थापा | |
| १८ | सि. पाँचौं | दिप क. अधिकारी | |
| १९ | पाँचौं | हरि कुमार | |
| २० | पाँचौं | लालपाल नेपाल | |

क्रमश.

| पद / संस्था | | नाम थर | दस्तखत |
| --- | --- | --- | --- |
| २१ | | | |
| २२ | आ.ले.प. | सुशिल पुरी | |
| २३ | प्रि.नि.ले. | माधव खड्का | |
| २४ | प्र.स.हे. | सहदेव खड्का | |
| २५ | वडा सचिव - ६ | राजेश लामा | |
| २६ | वडा सचिव - ५ | चन्द्रमा कार्की | |
| २७ | हे. अ. जोगमाला स्वा. चौकी | निर्मला जोशी | |
| २८ | हे.अ. लिवरकु स्वा. चौ. | पुजा कुमारी | |
| २९ | कृषि प्राविधिक | सरस्वती श्रेष्ठ | |
| ३० | प्राप. (शिक्षा) | शलिना कार्की | |
| ३१ | पशु स्वास्थ्य प्राविधिक | टेकेन्द्र ब. के.सी | |
| ३२ | उद्यम विकास सहजकर्ता | विक्रम सुन्दास | |
| ३३ | न. प्र. स्वा. पु. | भाउ बहादुर के.सी | |
| ३४ | पोषण स्वयंसेवक | सुस्मिता सुन्दास | |
| ३५ | परिचारिका | सुशिला बोखिम मगर | |
| ३६ | सा. प. | उर्मिला लामा | |
| ३७ | वडा सचिव - ०४ | कमल भण्डारी | |
| ३८ | अ.न.मी. (अमरपुर स्वा. चौकी) | सन्दीपा के.सी. | |
| ३९ | [redacted] IT | पंकज थापा | |
| ४० | ~~प्रेम ब. थोक~~ से.स | प्रेम ब. योञ्जन | |
| ४१ | ~~अ.ब.~~ कार्यालय का.स | कान्ति कार्की | |
| ४२ | का. स | कल्पना थापा मगर | |
| ४३ | Driver | Birendra Darnal | |
| ४४ | ,, ,, | Santa kumar Blon | |

४५ काम कविता श्रेष्ठ

४६ कुसना अमर लामा